Right to Education and Health:Layout 1 4/13/2018 4:4 PM Page a

# बालबालिकाको शिक्षा तथा स्वास्थ्यको अधिकारसम्बन्धी स्थानीय तहको भूमिका

**बालअधिकारको सम्मान, संरक्षण, संवर्द्धन र परिपूर्तिका लागि सन्दर्भ सामग्री तथा नमुना क्रियाकलाप**

नेपाल सरकार

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, पुल्चोक, ललितपुर

**पहिलो संस्करण**
२०७४ चैत (५००० प्रति)

**प्रकाशक**
नेपाल सरकार
महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, पुल्चोक, ललितपुर

**मुद्रण**
पि एण्ड बि प्रिन्टिङ प्रेस

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
केन्द्रीय बाल कल्याण समिति
Central Child Welfare Board
हरिहरभवन, ललितपुर

पत्र संख्या :
चलानी नं. :

मिति.........................

## शुभकामना

नेपालको संविधान, २०७२ मा बालबालिकाको विकास र संरक्षणलाई मौलिक हकका रुपमा अङ्गीकार गर्दै बालबालिकाको सर्बोत्तम हितको व्यवस्था गरिएको छ । साथै, संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र तीनै तहको सरकारद्वारा राज्य सञ्चालन प्रक्रिया अघी बढ्ने भन्ने समेत व्यवस्था भए बमोजिम समग्र बालबालिकाको हक, हित र अधिकारको सुनिश्चितताको लागि तीनै तहको सरकारको महत्वपूर्ण भूमिका रहन्छ । यसै सिलसिलामा केन्द्रीय बालकल्याण समितिले स्थानीय तहबाट सम्बोधन गर्न सकिने बालअधिकारसम्बन्धी प्रमुख विषय तथा नमुना कार्यहरु समेटी **बालअधिकारको सम्मान, संरक्षण, संवर्द्धन र परिपूर्तिका लागि सन्दर्भ सामग्री तथा नमुना क्रियाकलाप** प्रकाशन गर्न लागेकोमा अत्यन्तै खुशी लागेको छ ।

यो प्रकाशनले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई अख्तियारी प्राप्त बालबालिकाको स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागितासम्बन्धी अधिकार सुनिश्चित गर्नका लागि उपयुक्त संयन्त्र निर्माण तथा कार्यक्रमहरुको तर्जुमा गर्न सहयोग पुऱ्याउनुका साथै स्थानीय तहबाट हुने सेवा प्रवाहमा न्यूनतम समरूपता कायम गर्न योगदान गर्नेछ भन्नेमा म विश्वस्त छु । "बालमैत्री शासनः बालअधिकारको सम्मान" भन्ने राष्ट्रिय बालदिवसको नारा अनुरुप अबको बाटो भनेको हामीले बालबालिकाको क्षेत्रमा कार्य गर्दा हासिल गरेको अनुभव, सीप र ज्ञानलाई एकिकृत गर्दै बालमैत्री शासनको प्रवर्द्धनका लागि स्थानीय तहलाई आवश्यक सहयोग तथा सहजीकरण गर्नु नै हो । अतः यस पुस्तिकालाई सबै स्थानीय तहहरुमा पुऱ्याई उल्लेखित सन्दर्भ सामग्री एवम् नमुना क्रियाकलापहरु समेतका आधारमा स्थानीय आवश्यकतानुरुप बालअधिकारको संरक्षण, सम्वर्द्धन एवम् परिपुर्तिलगायतका लागि प्रभावकारी कार्यक्रम सञ्चालनमा सहयोग गर्न सम्बन्धित सबैलाई हार्दिक अनुरोध छ । अन्त्यमा, यो सन्दर्भ सामग्री तयार गर्न प्रत्यक्ष रुपमा योगदान गर्नु हुने यस समितिका कार्यकारी निर्देशक लगायत सम्बन्धित कर्मचारी मित्रहरु, सहयोगी संघसंस्थाहरु र अन्य सबै महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ॥

(बविना श्रेष्ठ)
अध्यक्ष

"बालमैत्री शासन : बालअधिकारको सम्मान"

फोन नं. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np
Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

# प्राक्कथन

नेपालको संविधान (२०७२) अनुसार प्रत्यक्ष रूपमा नागरिकका लागि हुने सेवा प्रवाह लगायतका कार्य एवं त्यससँग सम्बन्धित अधिकारहरू स्थानीय तह (खासगरी गाउँपालिका तथा नगरपालिका)को जिम्मेवारी भित्र रहेकोछ । स्थानीय तहले आफ्ना यी भूमिकाहरू प्रभावकारी रूपमा निर्वाह गर्न सकेमा नै नागरिकका आधारभूत अधिकारहरू परिपूर्ति हुन सक्दछन्र संघीयताको प्रतिफल देखिनेछ । केही संक्रमणकालिन अवस्थाका बीच स्थानीय तहहरूले नेतृत्व प्रदान गर्न जननिर्वाचित पदाधिकारीहरूको पूर्णता पाईसकेका छन् । अहिले स्थानीय तहले आफ्नो अख्तियारीलाई आत्मसात गर्ने, कार्यान्वयनका लागि उपयुक्त विधि एवं पद्धति यकीन गर्ने र प्रतिबद्ध भएर जनताको दैनिकीमा महसुस हुने गरी सेवा प्रवाह लगायत उचित कार्यप्रणाली विकास गर्न प्राथमिकता दिनु पर्ने देखिन्छ ।

नेपालको संविधानले बालबालिकाको अधिकारलाई मौलिक हकमा समावेश गरेको छ । बालबालिकासँग प्रत्यक्ष सम्बन्धित शिक्षा, स्वास्थ्य, बालसंरक्षण, बालसहभागिता तथा उनीहरूका अधिकार परिपूर्तिका सबै प्रत्यक्ष कार्यहरू स्थानीय तहको भूमिका अन्तर्गत रहेका छन् । यी विषयमा दशकौंदेखि नेपाल सरकारका विभिन्न निकायहरू क्रियाशिल रहँदै आएका छन् भने यसकार्यमा विभिन्नगैरसरकारी संघसंस्था देखि बालबालिका स्वयम्को समेत क्रियाशिलता रहँदै आएको छ । सबैले विभिन्न तहमा सकारात्मक अनुभव र असल सिकाइहरू पनि सँगालेका छन् । यसर्थ, बदलिदो राज्य संरचनामा सबै सरोकारवालाले स्थानीय तहसँग सहकार्य गरी व्यावहारिक रूपमा योगदान दिन सकेमा नै समाजमा चाँडै परिवर्तनको अनुभूति गर्न सकिनेछ ।

यसै सन्दर्भमा,स्थानीय तहलाई बालबालिकासम्बन्धी जिम्मेवारी प्रभावकारी रूपमा कार्यान्वयन गर्नसघाउ पुगोस् भन्ने अभिप्रायले विगतका अनुभव, सिकाई र असल अभ्यासका आधारमा बालबालिकाको विशेषतःशिक्षा, स्वास्थ्य, संरक्षण तथा सहभागितासँग सम्बन्धित विषयमा स्थानीय तहको जिम्मेवारी र भूमिकालाई ध्यानमा राखी ति विषयसंग सम्बन्धित मूख्य समस्याहरू र संवोधनका केही उपायहरू समेटी यो नमुना सामग्री तयार गरिएको हो । यो सामग्री आफैंमा एक कार्यमूलक (Functional) दस्तावेजको नमुना हो र यसमा सुझाइएका क्रियाकलापहरू कार्यान्वयन गर्दै जाँदा स्थानीय तहले के गर्नुपर्दछ र त्यो कसरी गर्नुपर्दोरहेछ भन्नेबारे नयाँनयाँ सिकाइ प्राप्त हुने नै छन्, स्थानीय आवस्यकतानुसारका अन्य विषय वा समस्याहरू पहिल्याइने छन् र त्यस्ता सिकाइलाई पनि दस्तावेजमा समावेश गर्दै जानसके सबैका लागि उपयोगी सामग्री बन्नेछ ।

केन्द्रीय बालकल्याण समितिले बालबालिकाको विषयलाई प्राथमिकतामा राख्दै समाजमा विद्यमान रहेका समस्याहरूको उचित संवोधन गर्न स्थानीय तहलाई सजिलो होस् भन्नका लागि 'बालअधिकारको सम्मान, संरक्षण, संवर्द्धन र परिपूर्तिका लागि गाउँपालिका तथा नगरपालिकाको भूमिका सम्बन्धी अन्तर संवाद अभियान' थालनी गरेको छ र यससम्बन्धमा सहयोग सहजिकरण गर्न सदैव तत्पर छ । यस क्रममा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्द्रीय बालकलयाण समिति, जिल्ला बालकल्याण समिति, जिल्ला समन्वय समिति, संघसंस्थाहरू लगायतद्वारा देशका विभिन्न स्थानमा भएका अन्तर संवाद कार्यक्रममा उठेका विषयहरूलाई समेत समेटी विशेषतःबालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण तथा सहभागितासम्बन्धी स्थानीय तहका केही भूमिकाबारे यस नमुना पुस्तिका निर्माण गरिएको हो । यस पुस्तिकामा केन्द्रीय बालकल्याण समितिबाट तयार गरिएका सामग्रीका साथै बालअधिकार संरक्षण, प्रवर्द्धनमा क्रियाशील सामाजिक संघसंस्थाहरू सिविन–नेपाल, ग्लोबल एक्सन नेपाल, चाइल्ड नेपाल, नाङ्साल एसोसियसन नेपाल तथा वी वर्ल्ड अनलसको संयुक्त प्रयासमा निर्माण भएका सामग्रीहरू लगायतलाई समायोजन गरी विभिन्न चरणमा बालअधिकारमा जानकार व्यक्ति, जनप्रतिनिधिहरू तथा संघसंस्थाहरूबाट प्राप्त व्यवहारिक सल्लाह सुझावहरूलाई समेत समेटिएको छ । यस पुस्तिकाको तयारी तथा प्रकाशनमा सहयोग गर्ने युनिसेफ नेपाल तथा पुस्तिका लेखनमा सहयोग गर्ने चन्द्रिका खतिवडा, निना महर्जन लगायत केन्द्रीय बालकल्याण समितिका कर्मचारीहरू सबै धन्यवादका पात्र हुनुहुन्छ ।

प्रस्तुत पुस्तिकाबाट सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई बालअधिकारसम्बन्धी योजना तर्जुमा तथा कार्यान्वयनमा सघाउ पुग्नेछ भन्ने अपेक्षा गर्दै यस पुस्तिका परिमार्जनका लागि थप सल्लाह सुझावको पनि अपेक्षा गर्दछौं ।

तारक धिताल<br>
कार्यकारी निर्देशक<br>
केबाकस

# पुस्तिकाको स्वरुप तथा प्रयोगबारे

यस पुस्तिकाको संग्रहमा तीनवटा पुस्तिकाहरू रहेका छन् । यी एक आपसमा सम्बन्धित हुनुका साथै विषय विशेषका लागि बेग्लाबेग्लै रूपमा पनि पूर्ण अस्तित्व राख्दछन् । छिटो छरितो र विषयअनुसारका अधिकार, जिम्मेवारी तथा समस्या र संवोधनका उपायबारे जानकारी लिन सजिलो होस् भन्ने अभिप्रायले निम्न तीनपुस्तिकाहरू रहेको यो बालबालिका सम्बन्धी एक एकीकृत संग्रहको रूपमा रहेको छ ।ः

१. स्थानीय तहमा बालसंरक्षण
२. बालबालिकाको शिक्षा तथा स्वास्थ्यको अधिकारसम्बन्धी स्थानीय तहको भूमिका
३. बालसहभागिता प्रवर्द्धनमा स्थानीय तहको भूमिका

यी सबै पुस्तिकामा मूलतः केही अवधारणात्मक पक्ष, कानूनी तथा नीतिगत व्यवस्था, स्थानीय तहलाई प्राप्त अख्तियारी तथा जिम्मेवारी, विषयगत समस्याहरूर सोको सम्वोधनका केही नमुना उपायहरू समावेश गरिएका छन् । यस पुस्तिकामा समाविष्ट विषयवस्तुहरू तथा कार्यहरू विगतका अनुभव तथा असल अभ्यासका आधारमा नमुनाको रूपमा प्रस्तुत गरिएका छन् । अतः यसलाई स्थानीय तहमाभौगोलिक, सामाजिक तथा साँस्कृतिक परिवेश, मानवीय तथा आर्थिक स्रोत साधनको उपलब्धता र स्थानीय आवश्यकताको आधारमा बालअधिकारको सम्वर्द्धन तथा प्रवर्द्धनका लागि के कस्ता कार्यकलापहरू सम्पादन गर्न सकिन्छ भन्ने विषयमा सन्दर्भ सामग्रीको रूपमा लिन सकिनेछ ।

बालबालिकाको शिक्षा तथा स्वास्थ्यको अधिकारसम्बन्धी स्थानीय तहको भूमिका विषयक यस पुस्तिकामा बालबालिकाको शिक्षा र स्वास्थ्यको अधिकार तथा सवालहरू, नेपालको कानूनमा शिक्षा तथा स्वास्थ्यको अधिकारसम्बन्धी व्यवस्था, स्थानीय तहका शिक्षा तथा स्वास्थ्यसंग सम्बन्धित संयन्त्र/संरचना, तथा अधिकारसम्बन्धी अख्तियारी, बालबालिकाको शिक्षा र स्वास्थ्यको अधिकार सुनिश्चित गर्न स्थानीय तहबाट गर्न सकिने केही काम र सन्दर्भ सूचीहरू समावेश गरिएका छन् । यस पुस्तिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत स्थानीय तहलाई अख्तियारी गरेका बालबालिकाको शिक्षा तथा स्वास्थ्यको अधिकारहरूको कार्यान्वयनका लागि सहयोगी हुनेछ भन्ने विश्वास गरिएको छ । लामो समयको अनुभव, असल अभ्यास र सिकाईका आधारमा केन्द्रीय बालकल्याण समितिले यो पुस्तिका तयार पारेको हुँदा स्थानीय तहलाई यसमा समावेश गरिएकानमुना कार्यकलापहरूको सम्पादनमा नीतिगत तथा कार्यक्रमगत केही कठिनाई भएमा आवश्यक सहजीकरण तथा सहकार्यका लागि समेत केन्द्रीय बालकल्याण समिति सदैव तयार रहेको व्यहोरा अनुरोध छ ।

## विषयसूची

**बालबालिकाको शिक्षा तथा स्वास्थ्यको अधिकारसम्बन्धी स्थानीय तहका केही भूमिका**


१. बालबालिकाको शिक्षा र स्वास्थ्यको अधिकार १

२. नेपालको कानूनमा शिक्षा तथा स्वास्थ्यको अधिकारसम्बन्धी व्यवस्था ३.
- २.१ नेपालको संविधान (२०७२) ३
- २.२ बालबालिकासम्बन्धी नीति, २०६९ ४
- २.३ राष्ट्रिय मदिरा नियमन तथा नियन्त्रण नीति, २०७३ ६

३. बालबालिकाको शिक्षा तथा स्वास्थ्यसम्बन्धी सवालहरू ७
- ३.१ शिक्षाको स्थिति तथा सम्बन्धित सवालहरू ७
- ३.२ स्वास्थ्यको स्थिति तथा सम्बन्धित सवालहरू ९

४. स्थानीय तहका शिक्षा तथा स्वास्थ्यसँग सम्बन्धित संयन्त्र/संरचना १३
- ४.१ शिक्षासँग सम्बन्धित संयन्त्रहरू १३
- ४.२ स्वास्थ्यसँग सम्बन्धित संयन्त्रहरू १५

५. स्थानीय तहको शिक्षा तथा स्वास्थ्यको अधिकारसम्बन्धी अख्तियारी १७
- ५.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ १७
- ५.२ वडासमितिको काम, कर्तव्य र अधिकार २१

६. बालबालिकाको शिक्षा र स्वास्थ्यको अधिकार सुनिश्चित गर्न स्थानीय तहबाट गर्न सकिने केही काम २४
- ६.१ समग्र बालअधिकारको प्रवर्द्धनका लागि उपायहरू २४
- ६.२ शिक्षाको अधिकार कार्यान्वयनका उपायहरू २५
- ६.३ आधारभूत स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने उपायहरू ३०
- ६.४ बालबालिकाको बचावटसम्बन्धी विषय तथा कार्यहरू ३१

सन्दर्भ सूची ३३

Right to Education and Health:Layout 1 4/13/2018 4:40 PM Page 1

# १ : बालबालिकाको शिक्षा र स्वास्थ्यको अधिकार

बालबालिकाको शिक्षाको अधिकार एक सापेक्ष अधिकार हो । जातीय, वर्गीय, समुदाय वा अन्य कुनै पनि आधारमा भेदभाव नगरी जुनसुकै परिस्थितिमा रहेका (अपाङ्गता भएका बालबालिका) सबै बालबालिकालाई शिक्षाको हक छ । नेपालको संविधान (२०७२) ले मौलिक हकको रूपमा निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालगायत बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरेको छ । नेपालको संविधानको **धारा ३१ मा शिक्षासम्बन्धी** देहायका हकको व्यवस्था भएको छ :

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

(३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

माथिको प्रावधानको मर्मलाई केलाउँदा राज्यले- क) सबै नागरिक (बालबालिका) लाई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क रूपमा उपलब्ध गराउन र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा अध्ययन गर्न पाउने हक, ख) अपांगता भएका र आर्थिक रूपले विपन्न परिवारका बालबालिकालाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक, ग) बालबालिकालाई मातृभाषामा शिक्षा लिन पाउने गरी प्रत्येक भाषिक समुदायको सामूहिक हक सुनिश्चित गरेको छ ।

त्यस्तैगरी, नेपालको संविधानको धारा ३५ मा देहायका स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरिएको छ :

(१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

(४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी, तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

यी प्रावधानको अभिष्ट खासगरी– क) प्रत्येक नागरिकलाई निःशुल्क रूपमा आधारभूत स्वास्थ्यको हक प्रत्याभूत गर्नु, ख) प्रत्येक व्यक्तिलाई स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्यसम्बन्धी सम्पूर्ण जानकारीहरू प्रदान गर्न र स्वास्थ्यको बारेमा सूचित निर्णय गर्न पाउने गरी अवस्था सिर्जना गर्नु, ग) नेपालको जुनसुकै क्षेत्र, लिङ्ग, वर्ग वा समुदायको वा जुनसुकै सामाजिक, शारीरिक अवस्था वा अपाङ्गता भएका नागरिकलाई बिना विभेद स्वास्थ्य सेवामा समान पुहँच सुनिश्चित गर्नु र घ) प्रत्येक व्यक्तिलाई राष्ट्रिय मापदण्डका आधारमा स्वस्थ पिउने पानी तथा सरसफाईसम्बन्धी सुविधामा समानता र अविभेदका आधारमा पहुँच सुनिश्चित गर्न रहेको पाइन्छ ।

उल्लिखित हकहरूलाई आफ्नो गाउँपालिका वा नगरपालिकामा कार्यान्वयन गर्नु, गराउनु तथा त्यसको लागि सम्बन्धित बालबालिका तथा परिवारलाई सहयोग गर्नमा समेत स्थानीय तहको विशेष भूमिका रहन्छ ।

# २ : नेपालको कानूनमा शिक्षा तथा स्वास्थ्यको अधिकारसम्बन्धी व्यवस्था

बालबालिकाको शिक्षाको अधिकार एक सापेक्ष अधिकार हो । जातीय, वर्गीय, समुदाय वा अन्य कुनै पनि आधारमा भेदभाव नगरी ज'नसुकै परिस्थितिमा रहेका (उदा. अपाङ्गता भएका बालबालिका) बालबालिकालाई शिक्षाको हक छ । नेपालको संविधान (२०७२) ले मौलिक हकको रूपमा निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालगायत बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरेको छ । त्यस्तैगरी, निःशुल्क आधारभूत स्वास्थ्य सेवाको हकसमेत मौलिक हकसमेत संविधानले सुनिश्चित गरेको छ ।

## २.१ नेपालको संविधान (२०७२)

नेपालको संविधान (२०७२) को धारा १६ देखि ४८ सम्म मौलिक हक र कर्तव्य खण्डअन्तर्गत बालबालिकाको शिक्षा अधिकारबारे देहायका व्यवस्था गरिएको छ :

- धारा ३१ को **शिक्षासम्बन्धी हक**ले आधारभूत शिक्षामा निःशुल्क तथा अनिवार्य पहुँच तथा निःशुल्क माध्यमिक शिक्षा, मातृभाषामा शिक्षा पाउने एवम् आर्थिक रूपले विपन्न, अपाङ्गता भएकालाई उनीहरूको उपयुक्त माध्यमबाट निःशुल्क शिक्षा पाउने, एवम्
- धारा ३९ मा **बालबालिकाको हक**लाई मौलिक हकको रूपमा स्थापित गरी बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा तथा प्रारम्भिक बाल विकासको हक हुने,

त्यस्तैगरी स्वास्थ्यको अधिकारबारे देहायको व्यवस्था भएको पाइन्छ–

- धारा ३० मा **स्वच्छ** र स्वस्थ **वातावरण**मा बाँच्न पाउने हक प्रदत्त गरी वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिवापत क्षतिपूर्ति पाउने तथा राष्ट्रको विकाससम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गरिने,

- धारा ३५ मा आधारभूत **स्वास्थ्य** सेवा निःशुल्क प्राप्त गर्ने र आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने, आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने, स्वास्थ्य सेवा तथा स्वच्छ खानेपानी एवम् सरसफाइमा समान पहुँच हुने,
- धारा ३६ ले **खाद्य सम्बन्धी हक** स्थापित गरी खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित गराई खाद्य सम्प्रभुताको हक हुने,
- धारा ३७ ले उपयुक्त **आवासको हक** स्थापित गरी कसैलाई पनि आफ्नो स्वामित्वमा रहेको वासस्थानबाट नहटाइने वा अतिक्रमण नगरिने, र
- धारा ३९ को **बालबालिकाको हक** अन्तर्गत परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुने ।

## २.२ बालबालिकासम्बन्धी नीति, २०६९

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ को उद्देश्यमा नै बालबालिका जन्मनु अघि र जन्मे पछि आवश्यक स्याहार र सहयोग र शिक्षा प्रदान गरी उनीहरूको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने विषयलाई समेटेको छ । साथै, उक्त नीतिमा शिक्षासँग सम्बन्धित देहायका व्यवस्था रहेका छन्-

- बुँदा नं. ८.३४ मा **माध्यमिक तहसम्मको शिक्षा निःशुल्क** रूपमा पाउने र आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने व्यवस्था गरिने तथा विद्यालयमा बाल-मैत्री शिक्षण-सिकाइ वातावरणको विकास र विस्तार गरिने,
- बुँदा नं. ८.३५ मा बालबालिकालाई **प्रारम्भिक शिक्षा** दिन प्रारम्भिक बाल विकास केन्द्रहरू स्थापना गरिने, सामुदायिक विद्यालयमा बाल विकास कक्षाको व्यवस्था गरिने तथा प्रारम्भिक बाल विकासलाई जीवनचक्र प्रणालीमार्फत शिक्षासँग आबद्ध गर्दै सुदृढ र विस्तार गरिने, बुँदा नं. ८.३६ मा **विशेष जोखिम परिस्थिति र सुविधाविहीन समुदाय**का

बालबालिकाहरूका लागि उचित बाल स्याहार तथा शिक्षाको विस्तार र स्तरोन्नति गरिने, तथा अर्थपर्ण र जीवनोपयोगी सीप केन्द्रीत शिक्षाको विस्तार र प्रवर्द्धन गरिने, एवम्

- बुँदा नं. ८.३७ मा **बालअधिकारमुखी दृष्टिकोण**बाट विद्यमान विद्यालय पाठ्यक्रम, पाठ्यपुस्तक, तालिम सामग्रीहरू, दण्ड/हिंसा रहित शिक्षण पद्धतिहरू, शान्ति शिक्षा, अभिभावक समाज र विद्यालय व्यवस्थापन समितिमा पुनरावलोकन र परिमार्जन गरिने, आदि रहेका छन् ।

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ मा शिक्षासम्बन्धी देहायका रणनीतिहरू उल्लेख गरिएका छन्–

- बुँदा नं. ९.२३ अनुसार विद्यालयमा विद्यार्थी भर्ना गर्ने समयमा **विद्यार्थी भर्ना**सम्बन्धी विशेष अभियान सञ्चालन गरिने,
- बुँदा नं. ९.२४ अनुसार विद्यालय बाहिरका बालबालिकालाई **शिक्षाको मूलप्रवाह**मा ल्याउन विशेष कार्यर्क्रम सञ्चालन गरिने तथा शिक्षासम्बन्धी ऐन र नियमावली अनुरूपका व्यवस्था पालना गराउन विद्यालयको अनुगमन प्रक्रियालाई प्रभावकारी बनाइने,
- बुँदा नं. ९.२५ अनुसार बीचैमा विद्यालय छोड्ने् र विद्यालय शिक्षाबाट वञ्चित बालबालिकालाई प्राथमिकता दिंदै **व्यावसायिक, प्राविधिक तथा वैकल्पिक विद्यालय** शिक्षाको विकास र विस्तार गरिने तथा पढाई पूरा नगरी विद्यालय छोड्ने् दर घटाउन अभिभावकलाई सजग गराइने,

त्यस्तै, बालबालिकासम्बन्धी राष्ट्रिय नीतिको बुँदा नं. ८.३३ मा गर्भदेखि नै बालस्वास्थ्यको सबै अवस्थाहरूमा निःशुल्क स्वास्थ्य सेवा सुनिश्चित गरिने, बालबालिकाको पोषण स्थिति सुधारसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने एवम् स्वास्थ्य सेवामा अपाङ्गता भएका बालबालिका र विशेष हेरचाह आवश्यक पर्ने बालबालिकाको पहुँच बढाइने लगायतका स्वास्थ्यसँग सम्बन्धित नीति राखिएको छ ।

स्वास्थ्यसम्बन्धी रणनीति देहायबमोजिम तय भएका छन्–

- बुँदा नं. ९.२१ अनुसार हिमाली र पहाडी जिल्लामा **विशेष स्वास्थ्य सेवा कार्यक्रम** सञ्चालन गरी ती क्षेत्रमा शिशु मृत्युदर र बाल मृत्युदर घटाइने, र

- बुँदा नं. ९.२२ अनुसार भिटामिन 'ए' तथा विद्यालय पौष्टिक आहार कार्यक्रम, बाल स्वास्थ्यको लागि आवश्यक औषधि तथा उपकरण, विद्यालय स्वास्थ्य कार्यक्रम, गाउँगाउँमा स्वास्थ्य शिविर, अपाङ्गता भएका बालबालिका, सडक बालबालिका तथा असहाय बालबालिकालाई **निःशुल्क स्वास्थ्य सेवा**को कार्यक्रम विस्तार गरिने तथा बालस्वास्थ्य तथा सरसफाइका विभिन्न विषयवस्तुबारे व्यापक जनचेतना जागरण कार्य निरन्तर रूपमा गरिने ।

## २.३ राष्ट्रिय मदिरा नियमन तथा नियन्त्रण नीति, २०७३

नेपाल सरकारको **राष्ट्रिय मदिरा नियमन तथा नियन्त्रण नीति, २०७३** ले मदिराको हानिकारक सेवनको कारणले हुने सामाजिक विकृति, हानि, रोग र मृत्यु घटाउने तथा रोकथाम गर्ने नीति लिएको छ । जसअन्तर्गत बुँदा नं. ९.४.६ मा मदिराको हानिकारक सेवनबाट पीडित महिला, बालबालिका, वृद्धवृद्धा र लत लागेका व्यक्तिहरूको लागि उपचार, पुनर्स्थापना तथा परामर्श सेवा केन्द्र स्थापना गर्ने रणनीति तय गरेको छ । त्यस्तै, नीतिको बुँदा नं. ९.७.३ मा कुनै बालबालिका, महिलालाई कुनै पनि मदिरा जबर्जस्ती खुवाउन नपाउने र गर्भवती महिलालाई मदिरा खरीद बिक्री गर्न नपाउने कानूनी व्यवस्था गरिने उल्लेख छ ।

साथै, मदिराको हानिकारक प्रयोग, नियमन र नियन्त्रणका लागि मानवीय, भौतिक र वित्तिय स्रोतको पर्याप्त व्यवस्था तथा क्षमताको अभिवृद्धि गर्ने र मूल्य नीति निर्धारण गर्ने नीति तय भएको छ । जस अन्तर्गत बुँदा नं. ९.९.५ मा मदिरामा बालबालिकाको पहुँचमा कमी गर्न मदिराको न्युनतम मुल्य ताक्ने र सालबसाली रूपमा करको दर बढाउने व्यवस्था मिलाइने रणनीति लिइएको छ ।

# ३ : बालबालिकाको शिक्षा तथा स्वास्थ्यसम्बन्धी सवालहरू

यस खण्डमा बालबालिकाको शिक्षा तथा स्वास्थ्यको अधिकारसँग सम्बन्धित आमरूपमा विद्यमान सवालहरूको बारेमा सङ्क्षिप्त चर्चा गरिएको छ ।

## ३.१ शिक्षाको स्थिति तथा सम्बन्धित सवालहरू

### ३.१.१ निःशुल्क तथा अनिवार्य शिक्षा

नेपालमा विभिन्न प्रकारका विद्यालयहरू सञ्चालनमा छन्- सामुदायिक, निजी तथा धार्मिक विद्यालय । सरकारी स्वामित्वका अर्थात सार्वजनिक विद्यालयले नेपाल सरकारबाट पूर्ण वा आंशिक अनुदान पाउँदछन् । निजी विद्यालय अर्थात संस्थागत विद्यालय निजी स्रोतमा सञ्चालित छन्, जहाँ सरकारी अनुदान रहँदैन । धार्मिक विद्यालयमा मदरसा, गुम्बा तथा आश्रम विद्यालयहरू पर्दछन् । यिनलाई औपचारिक शिक्षा प्रणालीमा ल्याउने कामको थालनी भएको छ ।

नेपालमा आधारभूत तह (कक्षा १ देखि ८ सम्म) पढाइने जम्मा ३४,९२० विद्यालयमध्ये २९,२०४ सामुदायिक र ५,७१६ संस्थागत विद्यालय रहेका छन् । साथै, नेपालमा सञ्चालित ८७९ मदरसा, ११० गुम्बा तथा ९७ आश्रम विद्यालयमा आधारभूत तहको पढाइ हुन्छ । आधारभूत तहमा ३०,२५,४५७ बालिका र २९,६९,१५५ बालक गरी जम्मा ५९,९४,६१२ बालबालिका अध्ययनरत छन् ।[१]

### ३.१.२ शिक्षाको पहुँच र समावेशीकरण

भौगोलिक स्थिति, सामाजिक सोच तथा संस्कार, परिवारमा व्यप्त आर्थिक अभाव लगायतका कारणले शिक्षामा सबै बालबालिकाको पहुँच पुऱ्याउन सकिएको छैन । भौगोलिक विकटतालाई सम्बोधन गर्न नेपाल सरकारले आधा घण्टा हिँडाइको दुरीमा विद्यालय पुऱ्याउने मापदण्ड तय गरेको छ । साथै, भौगोलिक

१ Nepal Education in Figures 2016, At a Glance, Ministry of Education, pg. 4-5

रूपमा अति नै विकट क्षेत्रहरूमा आवासीय विद्यालय एवम् विस्तारित विद्यालय (फिडर स्कुल) आदि सञ्चालन गरी शिक्षामा बालबालिकाको पहुँच बढाउने कार्य गर्दै आएको छ ।

सरकारले विभिन्न जातीयता, पछाडि परेका समुदायका बालबालिकाको विद्यालयमा पहुँच बढाउन लक्षित छात्रवृत्ति, प्रोत्साहन आदिको व्यवस्था गरेको छ । साथै अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच बढाउन समाहित विद्यालय, स्रोत कक्षा तथा विशेष विद्यालयको व्यवस्था गरेको छ ।

आधारभूत तहमा भर्ना भएका बालबालिकामध्ये ८३.२४% सामुदायिक विद्यालयमा र बाँकी १६.७६% संस्थागत विद्यालयका रहेका पाइन्छन् । त्यस्तै, आधारभूत तहमा भर्ना भएका बालबालिकालाई हेर्दा १९.१२% दलित समुदाय, ३७.९१% जनजाति समुदाय, २.०९% सुविधाबाट बञ्चित[२] तथा १.०८% अपाङ्गता भएका बालबालिका[३] रहेका पाइन्छन् । त्यस्तै, कक्षा १-५ तथा ६-८ सम्म बालबालिकाको भर्ना हेर्दा दलित समुदाय, सुविधाबाट बञ्चित समूह एवम् सामुदायिक विद्यालयमा बालकको भन्दा बालिकाको भर्नादर बढी रहेको छ ।[४]

आधारभूत तहमा कूल भर्नादर १२२.४% तथा खूद भर्ना दर ९१.०% रहेको छ । कूल भर्नादर बालकको तुलनामा बालिकाको बढी रहेको छ भने खूद भर्नादर बालकको बढी रहेको छ । तथ्याङ्कले अझै पनि १०० जनामा ९ जना बालबालिका विद्यालय बाहिर रहेको देखाउँदछ छ ।[५]

प्रारम्भिक बालविकास तहमा २ हजार ३४, आधारभूत तह (कक्षा १-८) मा ६३ हजार ४ सय र माध्यामिक तहमा ९ हजार ३ सय ९५ जना गरी विद्यालय शिक्षामा कूल ७४ हजार ८ सय २९ जना अपाङ्गता भएका बालबालिका अध्ययनरत पाइन्छन् ।

---

२ सुविधाबाट बञ्चित समुदायमा बनकरिया, बरामु, बोटे, चेपाङ, दनुवार, धानुक, हायु, झाँगड, किसान, कुसुण्डा, लेप्चा, माझी, मेचे, मुसीबादिया, राजी, राउटे, सतार, सिंगसा, सियार, सुरेल, थामी, थुनाम समुदायलाई राखिएको छ ।

३ अपाङ्गतामा शारीरिक (हिँडडुलमा प्रभाव पार्ने) अपाङ्गता, बौद्धिक अपाङ्गता, श्रवणसम्बन्धी अपाङ्गता, दृष्टिसम्बन्धी अपाङ्गता, श्रवण र दृष्टि दुवै सम्बन्धी अपाङ्गता तथा स्वर र बोलाइसम्बन्धी अपाङ्गतालाई समेटिएको छ ।

४ Nepal Education in Figures 2016, At a Glance, Ministry of Education, pg. 6-7

५ Nepal Education in Figures 2016, At a Glance, Ministry of Education, pg. 11

### ३.१.३ शिक्षाको गुणस्तर तथा बालबालिकाको प्रगति

शिक्षकको तालिम तथा बालबालिकाको शैक्षिक उपलब्धिसम्बन्धी सूचकहरूको आधारमा शिक्षाको गुणस्तरबारे छलफल गर्न सकिन्छ । सामुदायिक विद्यालयका शिक्षकहरूका लागि नेपाल सरकारका तर्फबाट नियमित तालिमको व्यवस्था गरिएको छ भने शिक्षकको मागको आधारमा 'दक्षता अभिवृद्धि' (Teacher's Professional Development) तालिम प्रदान गरिन्छ ।

तथ्याङ्क हेर्दा, कूल शिक्षकमध्ये कक्षा १-५ सम्मका ९५.७% र ६-८ सम्ममा ८१.८% शिक्षकहरू तालिम प्राप्त छन् । सामुदायिक र निजी विद्यालयका शिक्षकहरूको तुलना गर्दा कक्षा १-५ सम्म निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयका शिक्षकहरू बढी तालिमप्राप्त छन् भने कक्षा ६-८ सम्ममा तालिमको स्थिति विपरीत रहेको छ ।[६]

विद्यालय, शिक्षक र विद्यार्थीको अनुपात केलाउँदा, आधारभूत तहमा १७१.७ विद्यार्थीका लागि एक विद्यालय रहेको छ भने प्रति शिक्षक ३९.१ विद्यार्थी रहेका छन् । त्यस्तै उत्तीर्ण हुने दर भने कक्षा १-५ सम्म ८८.२% र कक्षा ६-८ सम्म ९०.७% रहेको छ । कक्षा दोहोऱ्याउने दर कक्षा १-५ र कक्षा ६-८ सम्म क्रमशः ७.८% र ४.४% रहेको छ । त्यसैगरी, कक्षा १-५ सम्म अध्ययनरत ६.०% विद्यार्थी तथा कक्षा ६-८ सम्म अध्ययनरत ४.९% विद्यार्थीले बीचैमा पढाइ छाड्ने गरेको तथ्याङ्क छ ।[७]

## ३.२ स्वास्थ्यको स्थिति तथा सम्बन्धित सवालहरू

### ३.२.१ सबैको लागि खोप तथा आधारभूत स्वास्थ्य

नेपाल सरकारको प्राथमिकतामा राखिएको राष्ट्रिय खोप कार्यक्रमले भौगोलिक रूपमा विकट, आर्थिक रूपले पहुँच नपुगेका, सीमान्तीकृत समुदायका बालबालिकालाई समतामूलक सेवा पुऱ्याउँदै आएको छ । सन् २०१२ मा पूर्ण खोप अभियान घोषणा गरी १८ जिल्लाका १,८०० भन्दा बढी तत्कालीन गा.वि.स.लाई पूर्ण खोप गा.वि.स. घोषणा गरिसकिएको छ ।[८]

६ Nepal Education in Figures 2016, At a Glance, Ministry of Education, pg. 8-10
७ Nepal Education in Figures 2016, At a Glance, Ministry of Education, pg. 8-10
८ http://www.mohp.gov.np/content/national-immunisation-programme, accessed on 23 August 2017.

राष्ट्रिय स्वास्थ्य नीति, २०७१ ले आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउने उद्देश्य राखेको छ । साथै, आधारभूत स्वास्थ्यसँग सम्बन्धित ७० भन्दा बढी प्रकारका औषधिहरू सबै स्वास्थ्य केन्द्रमा निःशुल्क रूपमा उपलब्ध गराउने नीति छ । विशेषतः बालस्वास्थ्य प्रवर्द्धन गर्ने एकीकृत बालरोग व्यवस्थापन कार्यक्रमलाई समयानुकूल सुदृढ तुल्याई निरन्तर कार्यान्वयन गर्ने नीति लिइएको छ ।

आर्थिक सर्वेक्षण २०७३/७४ का अनुसार नेपालको नवजात शिशु मत्युदर (प्रति १००० जीवित जन्ममा जन्मेको २८ दिनभित्र मृत्यु हुने) २१ रहेको, शिशु मत्युदर (प्रति १००० जीवित जन्ममा जन्मेको एक वर्षभित्र मृत्यु हुने) ३२ तथा ५ वर्षमुनिको बालमृत्युदर (प्रति १००० जीवित जन्ममा) ३९ रहेको छ भने पूर्ण रूपमा खोप लगाउने बालबालिकाको प्रतिशत ७८ रहेको छ ।[९]

### ३.२.२ गर्भावस्थामा गरिने स्वास्थ्य जाँच तथा स्वास्थ्य केन्द्रमा प्रसुति

गर्भावस्थामा गरिने हेरचाह, पोषणयुक्त खाना, नियमित स्वास्थ्य जाँच, आइरन तथा फोलिक एसिड चक्कीको प्रयोग तथा स्वास्थ्य केन्द्रमा प्रसुति वा दक्ष प्रसुतिकर्मीबाट सुत्केरी गराइनुले पनि बालस्वास्थ्यमा महत्व राख्दछ । आर्थिक सर्वेक्षण २०७३/७४ का अनुसार कम्तीमा चारपटक गर्भ जाँच गराउने गर्भवती महिला ६९.४%, दक्ष प्रसुतिकर्मीबाट प्रसुति गराउने गर्भवती महिला ५८% र स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला ५७% रहेका छन् ।[१०]

### ३.२.३ किशोरावस्थामा आवश्यक यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा

किशोरावस्थामा हुने शारीरिक परिवर्तन तथा हर्मोनको कारणले आउने परिवर्तनलाई उचित व्यवस्थापन गर्न जीवनउपयोगी सीपहरू सिकाउनु तथा किशोरकिशोरीलाई यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा दिइनु नितान्त आवश्यक हुन्छ । खासगरी विद्यालयको पाठ्यक्रममा स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षालाई समावेश गरिनु र प्राथमिक स्वास्थ्य केन्द्रहरूमा युवा सूचना केन्द्रहरू स्थापना गरी किशोरावस्थामा आवश्यक ज्ञान तथा सीपहरूबारे शिक्षा तथा चेतना प्रवाह भइरहेको छ ।

---

९ अर्थ मन्त्रालय, 'आर्थिक सर्वेक्षण २०७३/७४', पृ. २४८

१० अर्थ मन्त्रालय, 'आर्थिक सर्वेक्षण २०७३/७४', पृ. २४८

### ३.२.४ मानसिक स्वास्थ्य

विद्यमान सामाजिक परिवर्तनसँगै वयस्कलगायत बालबालिकाको समेत मानसिक स्वास्थ्य गम्भीर चासोको विषय बन्दै आएको छ । यसै तथ्यलाई मनन् गर्दै नेपाल सरकारले मानसिक स्वास्थ्य नीति, २०७३ जारी गरेको छ । उक्त नीतिको नीति नम्बर ३ अन्तर्गत नेपालमा मानसिक रोगीहरूको आधारभूत मानवअधिकारको संरक्षण गर्ने भन्ने उल्लेख हुनुका साथै मनोरोगीहरूको र समाजको अधिकार सम्बन्धमा सुहाउँदो खालको मानसिक स्वास्थ्यसम्बन्धी कानुन बनाई लागू गरिने रणनीति समेत लिइएको छ ।

### ३.२.५ धुमपान, मद्यपान तथा दुर्व्यसन

धुमपान, मद्यपान तथा लागूपदार्थ दुर्व्यसन समेत बालस्वास्थ्यको एक गम्भीर समस्या हो । किशोरावस्थामा धुम्रपान, मद्यपान तथा दुर्व्यसनजस्ता लतमा लाग्ने जोखिम एकातिर छ भने घरपरिवारका सदस्यहरूको धुम्रपान, मद्यपान तथा दुर्व्यसनको लतको कारणले बालबालिकामा पर्ने नकारात्मक असर अर्कोतिर छ । धुम्रपान, मद्यपान तथा लागूऔषधको खरीद, बिक्री तथा ओसारपसारमा बालबालिकाको संलग्नता, त्यसको प्रयोगको लत लाग्ने जोखिम र परिवारका अन्य सदस्य लतमा फसेका कारण घरपरिवारमा हुने वा हुनसक्ने हिंसा बालबालिकासँग प्रत्यक्ष जोडिएका सवाल हुन् ।

### ३.२.६ बालबालिकाको पोषण

पाँच वर्षसम्मको उमेरलाई मानव जीवनको आधार स्तम्भको रूपमा लिइन्छ, अर्थात यो उमेरसम्ममा बालबालिकाको शारीरिक, मानसिक, भावनात्मक तथा संवेगात्मक विकासको क्रम तीव्र हुने गर्दछ । विशेषतः पाँच वर्षमुनिको उमेरका पाएको उपयुक्त स्याहार, पर्याप्त पोषण तथा हेरविचारले नै बालबालिकालाई एक स्वस्थ, निरोगी र सफल वयस्क बन्न योगदान पुऱ्याउँदछ । यसर्थ, पोषण र हेरविचार बालबालिकाको बाँच्न पाउने हक मात्र नभई समग्र बालअधिकारको उपभोगमा नै महत्वपूर्ण पक्ष हो ।

बालबालिकाको पोषणको अवस्था सुधार गर्न नेपालमा लक्षित कार्यक्रमहरू

लागु गरिएका छन् । राष्ट्रिय भिटामिन 'ए' अभियान, सुनौला हजार दिन कार्यक्रम तथा बालपोषण भत्ता यसका केही उदाहरणहरू हुन् । तथापि, पाँच वर्षसम्मका बालबालिकाको पोषणको स्थितिमा भने अपेक्षित सुधार आउन अझै बाँकी छ । आर्थिक वर्ष २०७१/७२ को स्वास्थ्य मन्त्रालयको प्रतिवेदनअनुसार उचाइ नपुगेका/पुड्कोपना भएका पाँच वर्षमुनिका बालबालिका ३७.४ प्रतिशत रहेको, उमेरअनुसार तौल नपुगेका पाँच वर्षमुनिका बालबालिका ३० प्रतिशत रहेको र ख्याउटेपना भएका पाँच वर्षमुनिका बालबालिका ११ प्रतिशत रहेको देखिएको छ ।[११]

सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७२ ले निर्दिष्ट गरे बमोजिम चालु आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्ममा कर्णाली अञ्चल तथा दलित परिवारका ५ वर्षमुनिका बालबालिका ४ लाख ४२ हजार ४ सय २८ जनालाई रू. २०० प्रति महिनाको दरले मासिक बालपोषण भत्ता दिइंदै आइएको छ ।[१२] त्यस्तै, चालु आ.व. २०७३/७४ देखि कर्णाली अञ्चल र दलित परिवारका अतिरिक्त गरिबी मापन सूचकाङ्कमा सबैभन्दा पछाडि परेका अछाम, रौतहट र बझाङ जिल्लाका ५ वर्ष मुनिका सबै बालबालिकाले पाउने गरी बालपोषण अनुदान कार्यक्रम विस्तार गरिएको छ । यसबाट थप ८७ हजार भन्दा बढी बालबालिका लाभान्वित हुने अनुमान छ ।[१३]

११ के.बा.क.स., म.बा.स.क.म., नेपाल सरकार, 'नेपालमा बालबालिकाको स्थिति' २०७३, पृ २९.

१२ अर्थ मन्त्रालय, 'आर्थिक सर्वेक्षण २०७३/७४', पृ. २७७

१३ अर्थ मन्त्रालय, 'आर्थिक सर्वेक्षण २०७३/७४', पृ. २७८

Right to Education and Health:Layout 1 4/13/2018 4:48 PM Page 13

# ४ : स्थानीय तहका शिक्षा तथा स्वास्थ्यसँग सम्बन्धित संयन्त्र/संरचना

स्थानीय तहमा बालबालिकाको शिक्षा तथा स्वास्थ्यको अधिकार सुनिश्चित गर्न विभिन्न औपचारिक तथा अनौपचारिक संयन्त्रहरूको स्थापना क्रियाशील छन् । देहायका दफाहरूमा त्यस्ता संयन्त्रहरूको गठन, काम, कर्तव्य तथा अधिकारबारे सङ्क्षिप्त चर्चा गरिएको छ ।

## ४.१ शिक्षासँग सम्बन्धित संयन्त्रहरू

शिक्षा ऐन, २०२८ (नबौं संशोधनसमेत) अनुसार गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि प्रत्येक गाउँपालिका वा नगरपालिकामा गाउँ वा नगर शिक्षा समितिको व्यवस्था गरिएको छ ।

**गाउँ वा नगर शिक्षा समिति**

गाउँपालिका तथा नगरपालिका तहको गाउँ वा नगर शिक्षा समितिको गठन देहायअनुसार हुनेछ :

(क) गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख वा सो काम गर्न तोकिएको व्यक्ति - अध्यक्ष

(ख) गाउँपालिका वा नगरपालिकाले तोकेको गाउँपालिका वा नगरपालिकाको सदस्यहरूमध्येबाट कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य

(ग) सम्बन्धित गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट जिल्ला शिक्षा समितिले मनोनीत गरेको एकजना - सदस्य

(घ) स्थानीय समाजसेवी वा शिक्षाप्रेमीहरूमध्येबाट गाउँ/नगर शिक्षा समितिबाट मनोनित एकजना दलित र दुईजना

महिला सहित तीनजना - सदस्य

(ङ) सम्बन्धित गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट सम्बन्धित गाउँपालिका वा नगरपालिकाले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य

(च) सम्बन्धित गाउँपालिका वा नगरपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गतासम्बन्धी शिक्षण संस्थाबाटप्रतिनिधित्व हुने गरी गाउँ/नगर शिक्षा समितिले मनोनीत गरेको अपाङ्गता भएका व्यक्ति एकजना - सदस्य

(छ) गाउँ शिक्षा समितिको हकमा सम्बन्धित स्रोत व्यक्ति र नगर शिक्षा समितिको हकमा सम्बन्धित विद्यालय निरीक्षक - सदस्य सचिव

साथै गाउँपालिका वा नगरपालिका क्षेत्रभित्रका विद्यालयका प्रधानाध्यापकहरू र नेपाल शिक्षक महासंघको प्रतिनिधिलाई उपदफा (१) बमोजिमको समितिको बैठकमा पर्यवेक्षकको रूपमा आमन्त्रण गरिनेछ ।

शिक्षा नियमावली, २०५९ अनुसार गाउँ/नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायअनुसार छन् :

(क) बालबालिकालाई कम्तीमा प्राथमिक शिक्षासम्मको अध्ययन गराउन प्रोत्साहन गर्ने,

(ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्गसमेतको आधारमा विवरण बनाई अद्यावधिक गराइ राख्ने,

(ग) विद्यालयको शैक्षिक योजनासम्बन्धी अभिलेख अद्यावधिक गराइराख्ने तथा त्यस्तो योजनाकोअनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

(घ) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने तथाविद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने,

(ङ) गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका

बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयकोसुपरिवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यकसुझाव र सहयोग गर्ने,

(छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार तथाकार्यशाला सञ्चालन गर्ने,

(ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी रकम निकासाको लागि सञ्चालक समितिमा अनुरोध गर्ने,

(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्ने,

(ञ) गाउँ (वा नगर) शिक्षा योजना बनाई गाउँ (वा नगर) परिषद्बाट स्वीकृत गरी कार्यान्वयन गर्ने,

(ट) सम्बन्धित गाउँ (वा नगर) क्षेत्रभित्रका शिक्षित जनशक्तिको अभिलेख राख्ने,

(ठ) शिक्षकको कार्यदक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

(ड) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

(ढ) विद्यालयको आवश्यकता सम्बन्धमा विद्यालयको नक्साङ्कन समेतलाई विचार गरी विद्यालय स्थापनागर्न सिफारिस गर्ने,

(ण) विद्यालयस्तरीय अन्तर खेलकूद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सोको लागि पुरस्कारको व्यवस्था गर्ने ।

## ४.२ स्वास्थ्यसँग सम्बन्धित संयन्त्रहरू

स्थानीय तहमा प्राथमिक स्वास्थ्य केन्द्र, सहरी स्वास्थ्य क्लिनिक, स्वास्थ्य उप–केन्द्रहरूले प्रत्यक्ष स्वास्थ्य सेवा पुऱ्याउँदै आइरहेका छन् ।

### स्थानीय स्वास्थ्य व्यवस्थापन समिति

मन्त्रीपरिषद्को २०७२/०६/१५ गतेको निर्णयबाट पारित स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०७१, (परिमार्जित, २०७३)

अनुसार स्थानीय स्वास्थ्य व्यवस्थापन समितिको गठन देहायबमोजिम हुनेछ :

(क) सम्बन्धित गाउँपालिका/नगरपालिकाको अध्यक्ष वा प्रमुख - संरक्षक

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष - अध्यक्ष

(ग) अध्यक्षले मनोनीत गरेको - उपाध्यक्ष

(घ) सोही क्षेत्रको विद्यालयको प्रमुख - सदस्य

(ङ) स्थानीय व्यापार संघको प्रतिनिधि - सदस्य

(च) संरक्षकबाट मनोनीत स्थानीय लब्ध प्रतिष्ठित महिला - सदस्य

(छ) वडा कार्यालयको अधिकृत - सदस्य

(ज) प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकीको प्रमुख - सदस्य-सचिव

**महिला स्वास्थ्य स्वयंसेविका**

प्रत्येक गाउँपालिका तथा नगरपालिकामा महिला स्वास्थ्य स्वयंसेविका परिचालित छन् । यी स्वयंसेविकाहरूले समुदायमा विशेषतः बालस्वास्थ्य तथा पोषण, महिला स्वास्थ्य, सुरक्षित मातृत्व तथा सरूवा रोगहरूका सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरू गर्ने गर्दछन् । समुदायमा आधारित नवजात शिशु स्याहार कार्यक्रम (Community-based Neonatal Care Programme) तथा समुदायमा आधारित एकीकृत बाल रोग व्यवस्थापन (CBIMCI- Community-based Integrated Management या Childhood Illness) कार्यक्रम कार्यान्वयन भएका जिल्लाहरूमा महिला स्वास्थ्य स्वयंसेविकाले

समुदायका बालबालिकालाई नियमित भेट गरी तिनको स्वास्थ्य स्थितिको अवलोकन गर्नुका साथै आवश्यकता परेको खण्डमा उपचारको लागि समेत सहजीकरण गर्ने गर्दछन् ।

# ५ : स्थानीय तहको शिक्षा तथा स्वास्थ्यको अधिकारसम्बन्धी अख्तियारी

नेपालको संविधान (२०७२) ले स्थानीय तहलाई आफ्नो एकल अधिकार तथा संघ र प्रदेशसँगको साझा अधिकारहरू गरी दुई तहका अधिकारहरूको व्यवस्था गरेको छ । संविधानको अनुसूची-८ मा एकल अधिकारहरूको सूची दिइएको छ अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारहरूको सूची छ । संविधानमा उल्लेखित यी अधिकारहरूको नेपाल सरकार, मन्त्रीपरिषदको निर्णयबाट कार्यविस्तृतीकरण पारित भएको छ । यसैअनुरूप **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को परिच्छेद-३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत समेत तिनलाई समेटिएको छ ।

मूलतः गाउँपालिका तथा नगरपालिकालाई नेपालको संविधान तथा प्रचलित कानूनअनुरूप बालसहभागिता प्रवर्द्धनसँग सम्बन्धित आफ्ना अख्तियारी, दायित्व तथा जिम्मेवारी बुझ्न तथा तिनलाई प्रत्याभूत गर्न सघाउने अभिप्रायले तिनलाई देहायमा उल्लेख गरिएको छ । यसले गाउँपालिका तथा नगरपालिकासँग निरन्तर छलफल एवम् अन्तर्क्रिया गर्न मद्दत पुग्नेछ ।

## ५.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

### ५.१.१ स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू

स्थानीयस्तरका विभिन्न विकास आयोजना तथा परियोजनाहरू अन्तर्गत स्थानीय तहका सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन र संरचना निर्माण र मर्मत सम्भार गर्ने जिम्मेवारी स्थानीय तहको रहन्छ (दफा ११(२) को छ(७) ।

### ५.१.२ आधारभूत तथा माध्यमिक शिक्षा

नेपालको संविधानको मौलिक हकअन्तर्गतको धारा ३१ मा शिक्षासम्बन्धी हक अन्तर्गतको आधारभूत शिक्षाको पूरै तथा माध्यामिक शिक्षाको समन्वय तथा

नियमनको जिम्मेवारी स्थानीय तहलाई तोकिएको छ । **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** अनुसार आधारभूत तथा माध्यामिक शिक्षा अन्तर्गतका काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकिएका छन् (दफा ११(२) को ज):

- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन,

- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता बिकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

### ५.१.३ आधारभूत स्वास्थ्य र सरसफाइ

नेपालको संविधान (२०७२) ले पहिलोचोटी मौलिक हकको रूपमा निःशुल्क आधारभूत स्वास्थ्य सेवाको हकको व्यवस्था गरेको छ । स्थानीय तहमा आधारभूत स्वास्थ्य तथा सरसफाइको प्रत्याभूतिको लागि मूलतः प्रतिरोधात्मक तथा उपचारात्मक दुवै प्रकारका आधारभूत स्वास्थ्य तथा सरसफाइसँग सम्बन्धित नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन तथा नियमन गर्ने जिम्मेवारीहरू तोकिएका छन् । **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** अनुसार स्थानीय तहको आधारभूत स्वास्थ्य तथा सरसफाई अन्तर्गतका जिम्मेवारीहरूलाई निम्नानुसार छन् (दफा ११(२) को (झ)) :

- आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषणसम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,
- आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन,

- अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,
- स्वास्थ्य सेवासम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
- स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,
- सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,
- स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,
- रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन,
- औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,
- सरसफाइ तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,
- परिवार नियोजन तथा मातृशिशु कल्याणसम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,
- महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

त्यस्तै नेपालको संविधानमा व्यवस्था भएको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची (अनुसूची ९) अनुरूप **स्थानीय शासन सञ्चालन ऐन, २०७४** को दफा ११ को उपदफा ४ को खण्ड 'ख' मा स्थानीय तहका देहायका कार्यहरू तोकिएका छन् :

- सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्यसम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,
- स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,

- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,
- स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,
- स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,
- स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,
- स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,
- स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),
- स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन,
- जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,
- सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,
- जनस्वास्थ्य, आपतलीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,
- रोगको नियन्त्रण तथा रोकथाम, एवम्
- आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

## ५.२ वडासमितिको काम, कर्तव्य र अधिकार

**स्थानीय शासन सञ्चालन ऐन, २०७४** को दफा १२ को उपधारा २ मा

बालबालिकाको शिक्षा र स्वास्थ्यको अधिकारसँग सम्बन्धित निम्न कार्यलाई वडा समितिको काम, कर्तव्य र अधिकारको रूपमा उल्लेख गरिएको छ :

### ५.२.१ विकास कार्य

वडा समितिको विभिन्न प्रकारका विकास कार्यहरूमध्ये बालबालिकासँग सम्बन्धित विकास कार्यहरू यसप्रकार रहेका छन् :

***शिक्षासँग सम्बन्धित***

- बालउद्यानको व्यवस्था गर्ने,
- अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने, एवम्
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लब तथा बालसञ्जालको सञ्चालन तथा व्यवस्थापन गर्ने,

***स्वास्थ्य तथा सरसफाइसँग सम्बन्धित***

- वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,
- खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,
- पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,
- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,
- शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,
- सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने, गराउने,
- वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,
- घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक

तथा गल्लीहरूको सरसफाइ, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,

### *संस्कृति तथा खेलकूदसँग सम्बन्धित*

- स्थानीय समुदायका चाडपर्व, भाषा तथा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्ने गराउने,
- स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने,
- वडाभित्र खेलकूद पूर्वाधारको विकास गर्ने, एवम्
- अन्तरविद्यालय तथा बालक्लबहरू मार्फत खेलकूद कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

### *विद्यालयसँग सम्बन्धित*

- आधारभूत विद्यालय खोल्न सिफारिस,
- विद्यालयको कक्षा थप गर्न सिफारिस,
- विद्यालय ठाउँसारी सिफारिस,

Right to Education and Health:Layout 1 4/13/2018 4:4 PM Page 24

# ६ : बालबालिकाको शिक्षा र स्वास्थ्यको अधिकार सुनिश्चित गर्न स्थानीय तहबाट गर्न सकिने केही कामहरू

यस खण्डमा स्थानीय तहका अधिकार क्षेत्र, काम, कर्तव्य तथा अधिकारहरू, स्थानीय तहमा शिक्षा तथा स्वास्थ्यको अधिकारसँग सम्बन्धित मुद्दासमेतलाई ध्यान दिँदै सो सन्दर्भमा स्थानीय तहले के-कस्ता कामहरू गर्न सक्दछ, ती कामहरू तथा तिनका कार्यान्वयनका उपायहरू के हुन सक्दछन् भन्ने बारे चर्चा गरिएको छ ।

## ६.१ समग्र बालअधिकारको प्रवर्द्धनका लागि उपायहरू

### ६.१.१ बालअधिकारका लागि उत्तरदायित्व वहनकर्ता अभिभावक, परिवार, संस्था र निकायहरूको चेतना अभिवृद्धि गर्ने

- प्रत्येक तहले विद्यालय सेवा क्षेत्र भित्रका बालविकास केन्द्रमा भर्नापूर्व सबै बालबालिकाको कानुन बमोजिम जन्म दर्ता गर्ने गराउने ।
- बालअधिकार तथा बालबालिकाका प्रति उनीहरूका जिम्मेवारीबारे,
- बालबालिकासँग गर्नुपर्ने व्यवहार तथा पुऱ्याउनुपर्ने सहयोग एवम् त्यसका लागि परिवर्तन गरिनुपर्ने ज्ञान, सीप तथा धारणाबारे,
- स्थानीय तहमा विद्यमान बालसंरक्षणका जोखिम, तिनका कारक र त्यसबाट बालबालिकालाई जोगाउन अपनाउनुपर्ने सावधानीबारे,
- बालबालिकामाथि हुने वा हुनसक्ने भेदभावबारे बालबालिका, अभिभावक, समुदायका व्यक्ति, संस्था तथा निकायहरूमा जनचेतना जगाउने,
- उमेर एवम् विकासको चरणअनुरूप बालबालिकाको शारिरिक, मानसिक, संवेगात्मक विकासबारे बाबुआमा तथा अभिभावकमा सचेतना जगाउने,
- आफ्नो अधिकारको उपभोग गर्दा निर्वाह गर्नुपर्ने दायित्व एवम् अरूको अधिकारको सम्मान गर्नेबारे बालबालिकामा सचेतना बढाउने,
- बालबालिकाले कुनैपनि हिसावले विद्यालय स्थानान्तरण उनीहरूको नक्साङ्कन गर्ने गराउने ।

### ६.१.२ स्थानीय तहमा बालबालिकासम्बन्धी तथ्याङ्क सङ्कन, अद्यावधिक गर्ने तथा रणनीतिक कार्ययोजना तर्जुमा गर्ने, गराउने

- बालबालिकाको स्थितिबारे सूचकहरूका आधारमा विस्तृत एवम् वर्गीकृत तथ्याङ्क सङ्कलन, प्रतिवेदन तयार र अद्यावधिक गर्ने (वार्षिक रूपमा),
- बालबालिकासम्बन्धी आवधिक तथा दीर्घकालिन रणनीतिक कार्ययोजना बनाउने र त्यसको कार्यान्वयन गर्ने, गराउने,
- जिल्ला, प्रदेश तथा राष्ट्रिय तहमा बालबालिकाको अवस्थासम्बन्धी सूचनाजानकारी एवम् तथ्याङ्क पठाउने,

### ६.१.३ स्थानीय तहमा बालबालिकासम्बन्धी नीति तथा कार्यक्रम बनाउने र बजेट विनियोजन गर्ने

- घरपरिवार, विद्यालय, समुदायका संरचना तथा गाउँपालिका/नगरपालिकालाई बालमैत्री बनाउन चरणबद्ध योजना तर्जुमा गरी बजेट विनियोजनसहित कार्यान्वयन गर्ने,
- सबै बालबालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा प्रदान गर्ने, गराउन आवश्यक नीति तथा कार्यक्रम बनाउने र कार्यान्वयन गर्ने,

## ६.२ शिक्षाको अधिकार कार्यान्वयनका उपायहरू

### ६.२.१ विद्यालयहरूको नक्साङ्कन, विश्लेषण तथा उचित व्यवस्थापन गर्ने, गराउने

- स्थानीय तहभित्रका विद्यालयहरूमा अध्ययनरत बालबालिकाको शिक्षण सिकाई उपलब्धि बढाउन वार्षिक रुपमा बालसहभागिताका समस्याहरू पहिचान गरी सोको सम्बोधनका लागि कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन गर्ने गराउने ।
- स्थानीय तहमा सञ्चालनमा रहेका सार्वजनिक, सामुदायिक, तथा धार्मिक विद्यालयहरूको विस्तृत नक्साङ्कन एवम् शैक्षिक तथ्याङ्क

Right to Education and Health:Layout 1 4/13/2018 4:49 PM Page 26

सङ्कलन गरी प्रतिवेदन तयार गर्ने, गराउने (यसको लागि स्थानीय तहमा एक कार्य समिति गठन गरी कार्य गर्न, गराउन सकिन्छ),

- विस्तृत नक्साङ्कन तथा विश्लेषण प्रतिवेदनको आधारमा विद्यालयको विस्तार, मिलान लगायतका काममा प्रयोग गर्न योजना बनाउने र सोको कार्यान्वयन गर्ने,
- सम्बन्धित भौगोलिक क्षेत्र (जोन) का बालबालिकालाई सोही विद्यालय–क्षेत्र (इडुकेशन जोन)मा पढ्नेपढाउने व्यवस्था गर्ने र थोरै बालबालिका भएका क्षेत्रमा विस्तारित विद्यालय (फिडर स्कुल) चलाउने,
- नचलेका स्कूलहरूलाई पुस्तकालय, संवाद केन्द्र, तालिम केन्द्र, सङ्ग्राहलय, प्रौढ मिलन केन्द्र, भजन केन्द्र आदिको रूपमा परिणत गर्ने, गराउने,
- प्रत्येक विद्यालयमा वार्षिक रूपमा विद्यालय स्व-लेखाजोखा गराउने,
- विद्यालयमा अपाङ्गता भएका बालबालिकामैत्री एवम् बालिका तथा बालबालिकामैत्री भौतिक संरचना निर्माण गर्ने र गराउने,

### ६.२.२ निःशुल्क तथा अनिवार्य शिक्षाको कार्यान्वयन

- स्थानीय तहमा विद्यालय जाने उमेर भएका र उमेर कटेका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने र विद्यालय बाहिर रहेका प्रत्येक बालबालिकाको विस्तृत वैयक्तिक लेखाजोखा तयार गर्ने, गराउने,
- वैयक्तिक लेखाजोखाका आधारमा तिनलाई विद्यालयमा ल्याउन कार्ययोजना बनाउने र लागू गर्ने,
- सबै बालबालिकालाई विद्यालयमा ल्याउनका लागि कुनै अभिभावकलाई केही सहयोग आवश्यक परेमा त्यस्तो सहयोग प्रदान गर्ने, गराउने,
- कुनै प्रकारको गम्भीर अपाङ्गता वा स्थिति भएका बालबालिकाका लागि आफ्नो स्थानीय तहको क्षेत्रभित्र उपयुक्त विद्यालयको व्यवस्था गर्ने र त्यस्तो व्यवस्था नभएको खण्डमा त्यस्तो बालबालिकलाई उपयुक्त अन्य क्षेत्रको विद्यालयमा पठाउन आवश्यक सिफारिस तथा समन्वय गरी उनीहरूको शिक्षाको अधिकार सुनिश्चित गर्ने, गराउने,

- बीचैमा विद्यालय छाड्ने बालबालिकाको पहिचान गर्न लगाउने र उनीहरूका समस्यालाई वैयक्तिक रूपमा सम्बोधन गरी शैक्षिक निरन्तरता काम गर्ने, गर्न लगाउने,
- अनिवार्य शिक्षाका सन्दर्भमा विद्यार्थीको ट्रयाकिङ्ग कार्यमा शिक्षा कार्यालय तथा स्थानीय तहका शिक्षा अधिकृतलाई निर्देशन दिने,
- विद्यालय तथा घरबीचको दुरीको कारणले विद्यालयमा उपस्थित हुन नसक्ने विद्यार्थीको आवश्यक तथ्याङ्क सङ्कलन गरी उनीहरूको शिक्षा सुनिश्चित गर्न दिवा खाजा, भौगोलिक स्थितिअनुसार साइकल उपलब्ध गराउने लगायतका वैकल्पिक व्यवस्था गरी उनीहरूलाई विद्यालयमा निरन्तरता दिन प्रेरित गर्ने, गराउने,
- आफ्ना विद्यालय उमेरका छोराछोरीलाई विद्यालयमा नपढाउने बाबुआमा वा अभिभावकलाई निरूत्साहित गर्न दबावमूलक लक्षित कार्य गर्ने, गराउने,

### ६.२.३ प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन तथा व्यवस्थापन

- प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी नीति बनाई लागू गर्ने, गराउने,
- प्रारम्भिक बालविकासको महत्वबारे समुदायका अभिभावकमा सचेतना अभिवृद्धिका लागि लक्षित कार्यक्रम लागू गर्ने, गराउने,
- प्रारम्भिक बालविकासका लागि घरमा आधारित उत्प्रेरणा (Home-based Stimulation) का लागि आवश्यक कार्यक्रम तथा जनशक्ति विकासमा सघाउने,
- प्रारम्भिक बालविकास केन्द्रमा आउने बालबालिकालाई दिवा खाजाको व्यवस्था गर्ने, गराउने र समुदायका अविभावकलाई सानो उमेरमा पोषणको महत्वबारे सचेतना जगाउने प्रवन्ध गर्ने,
- प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापन र सञ्चालन प्रभावकारी बनाउन दक्ष मानवश्रोत तथा आवश्यक बजेट व्यवस्था गर्ने,

### ६.२.४ विस्तारित शिक्षा तथा पुस्तकालय सञ्चालन गर्ने, गराउने

- गाउँपालिका/नगरपालिकाका विभिन्न स्थानमा सामुदायिक पुस्तकालय, घुम्ती पुस्तकालय, तथा सामुदायिक कला, सीप एवम् साँस्कृतिक सिकाइ केन्द्र स्थापना गरी तिनको सञ्चालन तथा व्यवस्थापन गर्ने, गराउने,

### ६.२.५ मातृभाषामा शिक्षा सुनिश्चित गर्ने, गराउने

- स्थानीय तहमा मातृभाषामा शिक्षासम्बन्धी नीति तथा पाठ्यक्रम तर्जुमा गर्ने, जसअनुरूप–
  - एकलभाषी समुदायमा त्यही भाषी वा स्थानीय भाषा जान्ने शिक्षक नियुक्ति गर्ने,
  - द्विभाषी समुदायमा एक अर्काको भाषा सिक्न विद्यार्थीलाई प्रोत्साहित गर्ने, तथा दुवै भाषामा पढ्ने व्यवस्था गर्ने,
  - बहुभाषी समुदायमा विद्यार्थीलाई एक-अर्काको भाषा सिक्न प्रोत्साहित गर्ने वातावरण तयार गर्न लगाउने,

### ६.२.६ गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, गराउने

- शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, गाउँपालिका/नगरपलिकाको प्रतिनिधि लगायतको भेला गरी स्थानीय तहमा गुणस्तरीय शिक्षाको लागि न्यूनतम सूचकदेखि पूर्ण सूचकहरू निर्धारण गरी सोहीअनुरूप समयसिमा सहितको योजना बनाई कार्यान्वयन गर्ने, गराउने,
- आफ्नो क्षेत्रका विद्यालयहरूमा शिक्षाको गुणस्तरको अनुगमन तथा मूल्याङ्कन गर्न संयन्त्र विकास गर्ने तथा नियमितरूपमा अनुगमन गर्ने, गराउने,
- स्थानीय परिवेशअनुसार पाठ्यक्रममा परिमार्जन गर्ने र कार्यान्वयन गर्ने, गराउने,
- विद्यालयहरूमा विद्यार्थीको सिकाइ उपलब्धि आवधिक रूपमा मापन

गर्ने व्यवस्था गर्ने तथा सिकाइ उपलब्धि बढाउन रणनीति बनाई लागू गर्ने, गराउने,

- स्थानीय तहमा सञ्चालित सार्वजनिक एवम् सामुदायिक विद्यालयहरूको शुल्क नियमन गर्ने,
- गाउँपालिका/नगरपालिकास्तरमा आवधिक रूपमा विषयगत शिक्षकहरूका भेला गरी उनीहरूका कार्यको समीक्षा गरी विद्यमान समस्याको सम्बोधन गर्न, कक्षा-कोठा व्यवस्थापन एवम् शिक्षण-सिकाइलाई थप प्रभावकारी बनाउन योजना निर्माण गरी लागू गर्ने, गराउने,
- गुणस्तर सूचकको आधारमा विद्यालयको स्तरीकरण गर्ने र तिनलाई सहयोग एवम् प्रोत्साहनको व्यवस्था गर्ने,
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्यांकनको मुख्य आधार बनाउन नीतिगत निर्णय गर्ने र त्यसलाई कार्यान्वयन गर्ने, गराउने,
- विद्यालयमा शैक्षिक सुशासन कायम गर्न आवश्यक नीति तर्जुमा गर्ने तथा कार्यक्रम तय गर्ने, गराउने,

**६.२.७ व्यवहारिक शिक्षा नीति तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने**

- विद्यालय शिक्षालाई व्यावहारिक एवम् उपयोगी बनाउन स्थानीय तहमा अन्तक्रिया तथा संवाद चलाउने,
- स्थानीय पाठ्यक्रम निर्धारण गरी विद्यालयमा व्यावहारिक शिक्षा–कक्षाको व्यवस्था गरी त्यस्तो कक्षामा स्थानीय किसान, मजदूर, जागीरदार, उद्यमी, परम्परागत सीपका धनी, दलित तथा जनजाति, उद्यमी, गृहस्थी आदिलाई अतिथि वक्ताको रूपमा बोलाई आफ्ना अनुभवहरू सुनाउन गर्न लगाउने,
- स्थानीय तहका विभिन्न प्रकारका उद्योग, कलकारखाना, कम्पनी, अस्पताल/स्वास्थ्य केन्द्र आदिसँग समन्वय गरी आवधिक रूपमा विद्यार्थीहरूको शैक्षिक भ्रमण तथा अन्तर्क्रिया गर्ने व्यवस्था गर्ने, गराउने,

- परियोजना कार्य, लघु अनुसन्धान तथा सर्वेक्षण आदिलाई विद्यालयको पाठ्यक्रममा समावेश गर्ने तथा सोअनुरूप क्रियाकलाप गर्न विद्यालयलाई सघाउने,
- विद्यालयमा स्थानीयस्तरमा हुनसक्ने विभिन्न प्रकारका विपद्को बारेमा जानकारी दिई विपद् व्यवस्थापनको ज्ञान तथा नियमित व्यावहारिक अभ्यास (कृत्रिम) गर्ने व्यवस्था गराउने,

### ६.२.८ व्यावसायिक तथा प्राविधिक शिक्षा प्रवर्द्धन गर्ने

- स्थानीय तहमा कमसेकम एउटा व्यावसायिक तथा प्राविधिक शिक्षा दिने विद्यालयको स्थापना तथा सञ्चालन गर्ने प्रवन्ध गर्ने,
- त्यस्तो विद्यालयमा स्थानीय वस्तुस्थितिअनुरूप कृषि तथा पशुजन्य उत्पादन जस्ता परम्परागतदेखि अन्य आधुनिक व्यावसायिक तथा प्राविधिक शिक्षाको समेत व्यवस्थ गर्ने,
- व्यावसायिक तथा प्राविधिक शिक्षा प्राप्त गरेका पूर्व–विद्यार्थीहरूलाई उद्यमी सहयोग कार्यक्रमसँग समन्वय गरी उनीहरूको ज्ञान, सीप कार्यान्वयन गर्न प्रोत्साहन गर्ने, गराउने,
- आफ्नो गाउँपालिका/नगरपालिका भित्र अध्ययन गरी सोहीअनुरूप जनशक्ति विकास योजना बनाई कार्यान्वयन गर्ने, गराउने र बजारका माग धेरै भएका वा हुने सीपहरूलाई व्यवसायिक शिक्षा पाठ्क्रममा समावेश गर्ने, गराउने,

## ६.३ आधारभूत स्वास्थ्य सेवामा सर्वव्यापी पहुाच सुनिश्चित गर्ने उपायहरू

- स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन गर्ने, गर्न लगाउने,
- आधारभूत स्वास्थ्य नीति तर्जुमा गर्ने र मानसिक स्वास्थ्य समेत समेटिएको त्यस्तो आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गर्ने, गराउने,
- आधारभूत स्वास्थ्यसँग सम्बन्धित औषधिहरू सहज रूपमा उपलब्ध गराउने,

- बालबालिका पोषण सुरक्षा कार्यक्रम कार्यान्वयन गर्ने, गर्न लगाउने,
- प्रवर्द्धनात्मक स्वास्थ्य कार्यक्रमहरूलाई पनि प्राथमिकतामा राखी लागू गर्ने,
- उपचारात्मक स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्ने,
- प्रजनन स्वास्थ्यसम्बन्धी किशोरकिशोरी लक्षित कार्यक्रमको प्याकेज तयार गरी कार्यान्वयन गर्ने गराउने,
- व्यक्तिगत (साबुन पानीले हात धुने समेत) तथा वातावरणीय सरसफाइ प्रवर्द्धन गर्न लक्षित कार्यक्रम गर्ने, गराउने,
- सबै बालबालिकाको वर्षको कम्तिमा दुई पटक स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गराउने,
- मानसिक स्वास्थ्य सेवाको व्यवस्था गर्ने र अपाङ्गता भएका बालबालिकाको स्वास्थ्य सेवा सुनिश्चित गर्ने, गराउने,
- विद्यार्थीका सामान्य स्वास्थ्य समस्याको उपचार तथा स्वास्थ्य शिक्षा एवम् सचेतना बढाउन विद्यालयमा नर्सको व्यवस्था गर्ने, गर्न लगाउने,

## ६.४ बालबालिकाको बचावटसम्बन्धी विषय तथा कार्यहरु

| विषयहरू | सम्बोधन कार्यहरू |
|---|---|
| स्थानीय स्वास्थ्य संस्थामा खोप/औषधीको पर्याप्तता | ◆ स्थानीय स्वास्थ्य संस्थाको नियमित अनुगमन गर्ने तथा आधारभूत स्वास्थ्य सेवा, औषधि तथा खोपको सुनिश्चितता गर्ने ।<br>◆ स्वास्थ्य विमा लागू भएका क्षेत्रहरूमा सबै बालबालिकाको स्वास्थ्य विमा प्रवर्धन गर्ने तथा न्यून आर्थिक अवस्था भएका बालबालिकाको स्वास्थ्य बीमा गराउने प्रबन्ध गर्ने । |
| स्वास्थ्य संस्थामा किशोर किशोरीका स्वास्थ्यका विषयहरूको प्रभावकारी सम्बोधन | ◆ किशोर किशोरीलाई मुलतः यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी समस्या भन्न सक्ने वातावरण सिर्जना गर्न तथा गोपनियता कायम गर्न स्वास्थ्यकर्मी हरूलाई संवेदनशील बनाउने । |

| | |
|---|---|
| गर्भावस्था वा प्रसुतीपछि मातृ-शिशुको स्वास्थ्य नियमित परीक्षण । | ◆ जनचेतना अभिवृद्धिका लागि स्वास्थ्य केन्द्रहरूको परिचालन तथा अनुगमन गर्ने र नियमित मातृ-शिशुको स्वास्थ्य परीक्षणका लागि सचेतना गर्ने ।<br>◆ विभिन्न स्थानहरूमा सिविरहरू सञ्चालन गर्न लगाउने ।<br>◆ गर्भावस्था परीक्षणको लागि निश्चित दिन तोकी गर्भवति महिलालाई पोषणयुक्त खानाको व्यवस्था गर्दै तालिमको व्यवस्था गर्ने । |
| स्वास्थोपचारको क्रममा हिंसाजन्य कारणको आभास हुनु | ◆ कुनै पनि बालबालिकालाई स्वास्थोपचार गर्न ल्याउँदा गम्भीर शारीरिक चोटपटकको उपचार गर्ने क्रममा सो कुनै व्यक्तिको लापरवाही/दुर्व्यवहार, हिंसा वा जोखिममा पर्न गएको आभास भएमा स्वास्थ्यकर्मीले सोबारे नजिकको प्रहरी/बालकल्याण समिति/सम्बन्धित निकायमा जानकारी गर्ने व्यवस्था गर्ने । |

# सन्दर्भ–सूची


## कानूनी दस्तावेजहरू

- नेपालको संविधान (२०७२)
- स्थानीय तहको ऐन, कार्यविस्तृतीकरण
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- बालबालिकासम्बन्धी ऐन, २०४८ तथा (सोको) नियमावली, २०५१
- शिक्षा ऐन, २०२८ (आठौं संशोधन समेत) तथा सो को नियमावली, २०५३
- विपद् जोखिम नियन्त्रण तथा व्यवस्थापन ऐन, २०७४
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा (सोको) नियमावली २०६५

## राष्ट्रिय नीति तथा नियमावलीहरू

- बालबालिकासम्बन्धी नीति, २०७३
- राष्ट्रिय स्वास्थ्य नीति, २०७१
- बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२
- बालमैत्री स्थानीय शासन, राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि, २०६८
- बालअधिकार संरक्षण तथा संवर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६९
- मानव बेचबिखनविरूद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०७०
- विद्यालय शान्तिक्षेत्र अभियान राष्ट्रिय कार्यढाँचा
- बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप
- अर्थ मन्त्रालय, आर्थिक सवेक्षण, २०७३/७४
- बालसहभागिता निर्देशिका (मस्यौदा)
- बालसमूह गठन तथा सहजीकरण निर्देशिका, २०७४

- अनिवार्य प्राथमिक शिक्षा कार्यान्वयन निर्देशिका
- किशोरकिशोरीको स्वास्थ्य सम्बन्धी रणनीति,
- राष्ट्रिय मदिरा नियमन तथा नियन्त्रण नीति, २०७४

**स्थिति प्रतिवेदनहरू**

- नेपालमा बालबालिकाको स्थिति २०७३
- Nepal Education in Figures, 2016
- Central Child Welfare Board State of the Child Care Homes in Nepal 2015
- Joint Evaluation of Nepal's School Sector Reform Plan Programme 2009-16, 2016

**अन्य प्रकाशनहरू**

- कन्सोर्टियम नेपाल, बालबालिका तथा किशोरकिशोरीको सहभागिता प्रवर्द्धनका लागि आधारभूत निर्देशिका तथा विधिहरू, २०१६
- केन्द्रीय बालकल्याण समिति, स्थानीय निकाय एवम् समुदायस्तरमा बालसहभागिता प्रवर्द्धन तथा बालसंरक्षणका लागि सहयोगी पुस्तिका

*बालबालिकाको संरक्षण तथा बालअधिकार प्रवर्द्धन सम्बन्धमा*
*थप जानकारी तथा सहजीकरणका लागि सम्पर्क*

**१. महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय,**
बालसंरक्षण तथा विकास शाखा,
फोन नं. ०१-४२००१६८

**२. केन्द्रीय बालकल्याण समिति,**
हरिहरभवन, ललितपुर,
फोन नं. ०१-५०१००४५/४६

इमेलः *contact@ccwb.gov.np* वा *crmccwb@gmail.com*
वेवसाइटः *www.ccwb.gov.np*
इपोर्टलः *www.childrights.gov.np*